बागमती प्रदेश सरकार

# खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/८३
चलानी नम्बरः ५२५

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय
हेटौंडा, नेपाल

मितिः २०८३/०१/१०

## विषयः आगामी आ.व. २०८३/८४ को वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशन।

**श्री सबै तथा डिभिजन/आयोजना कार्यालयहरू,**

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको **"बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका, २०८३"** बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि देहाय बमोजिमको कार्यतालिका, मापदण्ड र प्रक्रिया पालना गरी आयोजना प्रस्ताव पेश गर्न यो निर्देशन जारी गरिएको छ।

### १. आयोजना छनौट तथा बजेट प्रस्तावका मुख्य मापदण्डहरू

- **आयोजनाको न्यूनतम लागत सीमा (दफा ७)**: नयाँ पूर्वाधार आयोजनाको हकमा **साना खानेपानी तथा साना सिंचाई** तर्फ प्रति आयोजना न्यूनतम **रु. २० लाख** र अन्य पूर्वाधार (लिफ्ट सिंचाई, लिफ्ट खानेपानी, तटबन्ध) तर्फ न्यूनतम **रु. ५० लाख** प्रस्ताव गर्नुपर्नेछ। सो सीमा भन्दा कम लागत को नया आयोजना को हकमा सम्बन्धित स्थानीय तह बाट कार्यान्वयन हुने गरि मात्र आयोजना प्रस्ताव गर्नु पर्ने छः
- **क्रमागत (Carry-over) आयोजनाको वर्गीकरण र प्राथमिकता (मन्त्रालय बाट थप : तेस्रो तैमसिक प्रगति समिक्षा मा छलफल भए अनुसार)**: चालू आ.व. मा सम्पन्न हुन नसकी आगामी वर्षमा सार्नुपर्ने आयोजनाहरूलाई भौतिक प्रगतिका आधारमा अनिवार्य रूपमा ३ (तीन) वर्गमा वर्गीकरण गरी बजेट प्रस्ताव गर्नुपर्नेछः
    - **वर्ग (क) ८०% वा सोभन्दा माथि भौतिक प्रगति भएकाः** आगामी वर्ष अनिवार्य सम्पन्न गर्ने गरी पहिलो प्राथमिकतामा राख्ने।
    - **वर्ग (ख) ५०% देखि ८०% सम्म भौतिक प्रगति भएकाः** दोस्रो प्राथमिकतामा राखी कार्यसम्पन्न हुने सुनिश्चितताका आधारमा बजेट विनियोजन गर्ने।
    - **वर्ग (ग) ५०% भन्दा कम भौतिक प्रगति भएकाः** काम ढिलो हुनुको प्राविधिक वा कानूनी कारण र समस्या समाधान हुने आधार स्पष्ट खुलाएर मात्र तेस्रो प्राथमिकतामा राख्ने।
- **नयाँ आयोजनाको पूर्व तयारी (दफा ४ को उपदफा ६)**: नयाँ आयोजना वा कार्यक्रमहरू प्रस्ताव गर्दा पूर्ण तयारी नभएका तर रणनीतिक रूपमा आवश्यक आयोजनाहरूको हकमा विस्तृत आयोजंना प्रतिवेदन (DPR), वातावरणीय अध्ययन र अन्य पूर्व तयारीका कार्यहरू सम्पन्न गर्नका लागि **"पूर्व तयारीका आयोजना"** भनी छुट्टै एकमुष्ठ सूची (Bulk List) तयार गरी बजेट प्रस्ताव गर्नुपर्नेछ।
- **बहुवर्षीय ठेक्का सम्बन्धी व्यवस्थाः** बहुवर्षीय ठेक्का लागेका आयोजनाहरूको हकमा स्रोत सहमतिको अवधि र दायित्वलाई मध्यनजर गरी आगामी आर्थिक वर्षमा कार्य सम्पन्न हुने गरी अनिवार्य रूपमा बजेट प्रस्ताव गर्नुपर्नेछ।
- पूर्वतयारी र पुष्ट्याइँः विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भइसकेका, वातावरणीय अध्ययन (IEE/EIA) स्वीकृत भएका र जग्गा प्राप्ति सुनिश्चित भएका आयोजनालाई मात्र समावेश गर्नुपर्नेछ।

१/१०

बागमती प्रदेश सरकार

# खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/८३
चलानी नम्बरः ५२२

## २. विशेष कार्यतालिका (निर्देशिकाको बुँदा २१ बमोजिम)

निर्देशिकाको दफा २१ मा भएको विशेष व्यवस्था बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यलाई थप व्यवस्थित, पारदर्शी र समयाबद्ध रूपमा सम्पन्न गर्न देहायको कार्यतालिका अनुसार आवश्यक कारबाही अगाडि बढाउनुहुन निर्देशन दिइन्छः

| सि.नं. | कार्य विवरण | जिम्मेवार निकाय | समय सीमा |
|---|---|---|---|
| १ | आयोजना माग संकलनका लागि सार्वजनिक सूचना र वेबसाइटमा प्रकाशन | कार्यालय प्रमुख | २०८३ वैशाख १४ सम्म |
| २ | माग संकलन, प्राविधिक पुष्ट्याइँ र प्राथमिकता (नयाँको पूर्व तयारी सूची समेत) | कार्यालय प्रमुख | २०८३ वैशाख २१ सम्म |
| ३ | संकलित आयोजनाहरूको सूची (Long List) वेबसाइटमा सार्वजनिक गर्ने | कार्यालय प्रमुख | २०८३ वैशाख २३ सम्म |
| ४ | जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समितिबाट निर्णय गराउने | संयोजक/सदस्य-सचिव | २०८३ वैशाख २५ सम्म |
| ५ | छनोट भएका आयोजनाहरू Project Bank मा प्रविष्टि गरी मन्त्रालयमा पेश गर्ने | कार्यालय प्रमुख | २०८३ वैशाख मसान्तसम्म |
| ६ | आयोजनाको अन्तिम सूची तयार गरी सूचीकृत (Final Listing) गर्ने (बुँदा ९) | मन्त्रालय | जेष्ठ १० सम्म |
| ७ | योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा अन्तिम प्रस्ताव पेश (बुँदा १०) | मन्त्रालय | जेष्ठ १५ सम्म |

## ३. अन्य प्राविधिक तथा प्रशासनिक निर्देशनहरू

- **प्रस्ताव प्रक्रिया र पारदर्शिताः** आयोजना माग संकलनका लागि सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त मागहरूको प्रारम्भिक सूची (Long List) कार्यालयको वेबसाइटमा अनिवार्य सार्वजनिक गर्नुपर्नेछ।
- **दोहोरोपनको अन्त्यः** संघ वा स्थानीय तहका कार्यक्रमहरूसँग दोहोरो नपर्ने गरी स्थानीय तहसँग आवश्यक समन्वय गरी सुनिश्चितता गर्नुपर्नेछ।
- **सिफारिस अनिवार्यः** जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समितिको निर्णय र सिफारिस पत्र अनिवार्य संलग्न हुनुपर्नेछ।
- **क्रमागत आयोजनाः** निर्माणाधीन अवस्थामा रहेका र बिगत आर्थिक वर्षदेखि सञ्चालनमा रहेका अधुरा आयोजनाहरूलाई सम्पन्न गर्न आवश्यक पर्ने बजेटलाई पहिलो प्राथमिकतामा राखुपर्नेछ।

फोन नं.०५७-५२५१६८,०५७-५२५४८१ वेभसाईट: www.mowsei.bagamati.gov.np ईमेल:account.mowsei@bagamati.gov.np

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/८३
चलानी नम्बरः ५२२

- **पूर्वतयारी पूरा भएका आयोजनाः** विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भइसकेका, वातावरणीय अध्ययन (IEE/EIA) स्वीकृत भएका र जग्गा प्राप्ति सम्बन्धी विवाद नभएका (साइट क्लियर भएका) आयोजनाहरूलाई विशेष प्राथमिकता दिनुपर्नेछ।
- **उच्च प्रतिफल र छिटो सम्पन्न हुने आयोजनाः** लगानीको अनुपातमा बढी लाभ दिने, धेरै जनसङ्ख्या लाभान्वित हुने र आगामी १ देखि २ वर्षभित्रै सम्पन्न गर्न सकिने खालका आयोजनाहरूलाई प्राथमिकतामा राख्नुपर्नेछ।
- **नयाँ प्रविधि र दिगोपनः** वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुने गरी दिगो विकासमा टेवा पुऱ्याउने आयोजनाहरूलाई छनौट गर्नुपर्नेछ।
- **दफा ९, १० र १३ को पालना सम्बन्धी विशेष निर्देशन**
  - **मन्त्रालयको जाँचबुझ र अन्तिम सूचीकरण (दफा ९):** मातहतका कार्यालयबाट प्राप्त प्रस्तावहरूलाई मन्त्रालयले सुक्ष्म जाँचबुझ गरी मापदण्ड पुगेका आयोजनाहरूको अन्तिम सूची (Final Listing) तयार गर्नेछ।
  - **कार्यालयबाट PLMBIS प्रविष्टि (दफा १३ 'क' बमोजिम):** निर्देशिकाको दफा १३ (क) बमोजिम छनोट भएका र मन्त्रालयको मार्गदर्शन भित्र परेका आयोजनाहरूको अन्तिम प्रविष्टि प्रस्ताव कार्यान्वयन गर्ने कार्यालयले नै PLMBIS मा गर्नुपर्नेछ।
  - **मन्त्रालयबाट हुने अन्तिम प्रविष्टि र सिफारिस (दफा १०):** मन्त्रालयले कार्यालयबाट प्राप्त विवरणहरूलाई अन्तिम रूप दिनेछ। साथै, **निर्देशिकाको दफा १० को उपदफा (३) बमोजिमका आयोजनाहरू तथा मन्त्रालय स्तरबाट निर्णय भएका रणनीतिक आयोजनाहरूको प्रविष्टि (Entry) मन्त्रालय स्वयंले** गरी जेष्ठ १० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा अन्तिम सिफारिस पठाउनेछ।

अतः बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट जारी गरिएको **"बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका, २०८३"**को अक्षरशः पालना गर्दै तोकिएको समय सीमाभित्र परिष्कृत र वस्तुगत बजेट प्रस्ताव पेश गर्नुहुन निर्देशन दिइन्छ।

१/१०

**इन्द्र देव भट्ट**
**प्रदेश सचिव**

प्रदेश सचिव

**बोधार्थः**

१. श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।
२. श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा।
३. श्री प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा।
४. श्री माननीय मन्त्रीज्यूको निजी सचिवालय, खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय।
५. श्री सबै सम्बन्धित महाशाखाहरु (अनुगमनका लागि)।


फोन नं ०५७-५२५१६८ ०५७-५२५४८१ वेभसाईटः www.mowsei.bagamati.gov.np ईमेलःaccount.mowsei@bagamati.gov.np